आज मिति २०७९ साल असार २० गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा ११९ औं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.कं | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिवाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | विवेक कुमार पण्डित | प्रशासन शाखा प्रमुख | |
| २ | ऋषि राम पौडेल | योजना शाखा " | |
| ३ | दुर्जन मिजार | सूचना प्रविधि " | |

## नगर-कार्यपालिकाको मिति २०७९/०३/२० गते बसेको ११९ औं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/०३/०९ गते बसेको ११८ औं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ११ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयन भएको पाईयो ।

**निर्णय नं २**

सुन्दरबजार नगरपालिका वडा नं. ४ सत्रसय स्थित शान्ति सिर्जना प्राथमिक विद्यालयले शैक्षिक सत्र २०७७ मा कक्षा १ र शैक्षिक सत्र २०७८ मा कक्षा २ को अनुमति पाई सञ्चालन भइरहेको साथै हाल कक्षा ३ सञ्चालन गर्ने अनुमतिका लागि माग गरेको र शिक्षा अधिकृतबाट विद्यालय निरीक्षण गरी अनुमति दिन उपयुक्त हुने राय समेत पेश भएकोमा उक्त स्थानको भौगोलिक अवस्थिति, जनघनत्व, अन्य विद्यालयसम्मको दूरी, विद्यालयको हालको भौतिक अवस्था, विद्यार्थी संख्या र सामुदायिक तत्परतालाई समेतलाई मध्यनजर गरी उक्त विद्यालयलाई शैक्षिक सत्र २०७९ देखि कक्षा ३ सञ्चालन गर्नका लागि शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ३**

राष्ट्रपति रनिङ शील्ड प्रतियोगिताका सम्बन्धमा निम्न अनुसार निर्णय गरियो :

क) आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रममा राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सञ्चालनका लागि आन्तरिक स्रोतबाट ८ लाख ५० हजार रुपैयाँ र सशर्त अनुदान तर्फ १ लाख रुपैयाँ विनियोजन भएकोमा भक्ति नमूना मावि, भोटेओडारलाई आयोजक बनाई नगर स्तरीय राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सञ्चालन गर्दा लागेको खर्च रु.४,२९,८५१/- अनुमोदन गर्ने,

ख) नगर स्तरीय प्रतियोगितामा सहभागी १५ वटा माध्यमिक विद्यालयलाई प्रति विद्यालय रु.१०,०००/- का दरले सहभागिताका लागि अघिल्ला वर्षहरुमा जस्तै विद्यालयको खातामा निकासा दिने,

ग) नगर स्तरीय प्रतिस्पर्धामा प्रत्येक इभेन्टमा प्रथम तथा द्वितीय हुने खेलाडी विद्यार्थी जिल्ला स्तरीय प्रतिस्पर्धामा नगरपालिकाको तर्फबाट सहभागी हुन जानुपर्ने हुँदा जम्मा ३६ वटा इभेन्टका ११ वटा विद्यालयका १२८ जना खेलाडी विद्यार्थी आआफ्नो विद्यालयका प्रधानाध्यापक खेल शिक्षकको अभिभावकत्वमा उक्त प्रतिस्पर्धामा सहभागी भएकाले विगत वर्षमा जस्तै खेलाडी विद्यार्थी र खेल शिक्षकका लागि खाना तथा खाजा खर्च स्वरुप ३ दिनको प्रति दिन रु.६०० का दरले विद्यालयको खातामा निकासा दिने,

घ) मार्च पास तथा खेलहरुमा सहभागी विद्यार्थी, खेल शिक्षक तथा अफिसियलहरु पोशाक सहित उपस्थित हुनुपर्ने भएकाले १२८ जना विद्यार्थी मध्ये ११२ जनाको जर्सीका लागि जनही रु.८०० का दरले, १६ जना कराते खेलाडीका लागि रु १५०० का दरले र खेल शिक्षक तथा

अफिसियल गरी १६ जनाको ट्र्याक सुटका लागि जनही रु.३००० का दरले विद्यालयको खातामा निकासा दिने,

ङ) यस वर्ष लमजुङ जिल्लाको तेह्रौं राष्ट्पति रनिङ शील्ड प्रतियोगिता सुन्दरबजार नगरपालिकामा सञ्चालन गरेकोमा जिल्ला खेलकुद विकास समितिलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै जिल्ला स्तरीय खेलकुद सञ्चालन र प्रदेश स्तरीय प्रतिस्पर्धामा खेलाडी विद्यार्थी सहित सहभागिता हुन आवश्यक खर्चका लागि जिल्ला खेलकुद विकास समितिलाई रु.१,००,०००/- अक्षेरेपी एक लाख मात्र सहयोग उपलब्ध गराउने,

च) उपरोक्त खर्च तथा विभिन्न मितिका बैठक खर्चहरु राष्ट्रपति रनिङ शील्ड प्रतियोगिताका लागि अपुग भएमा आर्थिक वर्ष २०७८/७९ को शिक्षा तर्फको बजेटमा रहेको तर विभिन्न कारणले कार्यान्वयन हुन नसकेको शिक्षकहरुको भ्रमण कार्यक्रममा विनियोजित रकमबाट व्यवस्था गर्ने ।

**निर्णय नं ४**

सु.न.पा ७ मा मेन बजार सडक खण्ड कालोपत्रे मर्मतको लागि रु १०,००,०००।( अक्षरेपी दश लाख मात्र) विनियोजन भएकोमा प्राविधिक स्टमेट बमोजिम SEAL COAT थप्ने कार्यका लागि रु १,५३,६३५।४८।(अक्षरेपी एक लाख त्रिपन्न हजार छ सय पैतिस रुपैंया अड्चालीस पैसा मात्र) थप आवश्यक पर्ने भएको हुँदा सो रकम समेत गरी जम्मा रु ११,५३,६३५।४८ (अक्षरेपी एघार लाख त्रिपन्न हजार छ सय पैतीस रुपैंया अठ्चालीस पैसा मात्र) विविध पूँजीगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५**

वडा नं ८ स्थित जिमित्रे खोलामा रहेको ओडार खेत तल्लो कुलो बाढीले गर्दा क्षति पुगेको र अस्थायी रुपमा कुलो संचालन गर्नको लागि पाईप खरिद गर्दा लागेको रकम रु ८२,८३५।०० (अक्षरेपी बयासी हजार आठ सय पैतीस रुपैंया मात्र ) विविध पूँजीगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ६**

मिति २०७९ जेष्ठ महिनाको अन्तिम साता देखि परेको अविरल बर्षाको कारण आएको बाढी र पहिरोले नगरक्षेत्र भित्र पुर्याएको क्षती मर्मत, तारजाली तथा अवरुद्ध सडक खुलाउने कार्यको काम सम्पन्न प्रतिवेदनको आधारमा देहाय बमोजिमको रकम विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

देहाय

| सि.नं | वडा नं | शिर्षक | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | पाइप खरीद | रु ८५,०००।<br>(अक्षरेपी पचासी हजार) | |
| २ | २ | पाइप खरीद | रु १,४९,०००। | |

| | | | | |
|---|---|---|---|---|
| | | | (अक्षरेपी एक लाख उनानपचास हजार) | |
| ३ | ३ | बाटो मर्मत तथा पाइप खरिद | रु ७७,९४८। (अक्षरेपी सतहत्तर हजार नौ सय अड्चालीस) | |
| ४ | ४ | सिंचाई तथा खानेपानी पाईप खरिद | रु ९९,९४८। (अक्षरेपी उनानसय हजार नौ सय अड्चालीस) | |
| ५ | ५ | पाइप खरीद | रु १,१५,०००। (अक्षरेपी एक लाख पन्ध्र हजार) | |
| ६ | ६ | सालीमर्‍याङ खोलाको बाढीको क्षती मर्मत र मिलन चोक टोल नाला सरसफाई | रु.४९०६१। (अक्षरेपी उनानपचास हजार एकसठ्ठी रुपैंया) | |
| ७ | ६ | ग्याग्दी खोला तटबन्धन निर्माण | रु १,००,०००। (अक्षरेपी एक लाख मात्र) | |
| ८ | ६ | पोलिथिन पाईप खरिद | रु ९९,७६७। (अक्षरेपी उनानसय हजार सात सय सतसठ्ठी) | |
| ९ | ७ | बाटो मर्मत | रु ५०,०००। (अक्षरेपी पचास हजार मात्र) | |
| १० | ७ | पाइप खरीद | रु ९९,५००। (अक्षरेपी उनानसय हजार पाँच सय मात्र) | |
| ११ | ८ | अचमारो-घोकेस्वारा-तार्कुकोट-कुसुण्डे-रामदी-बलिथुम सडक सरसफाई | रु ५०,०००। (अक्षरेपी पचास हजार मात्र) | |
| १२ | ८ | आन्तरीक सडक मर्मत | रु ४९,५००। (अक्षरेपी उनान पचास हजार पाँच सय मात्र) | |
| १३ | ९ | बाटो मर्मत | रु ४९,७२०। (अक्षरेपी उनान पचास हजार सात सय बिस मात्र) | |
| १४ | ९ | पाईप खरिद | रु ४९,३४१। (अक्षरेपी उनान पचास हजार तीन सय एकचालिस मात्र) | |
| १५ | १० | आन्तरीक सडक सरसफाई | रु ९८,७५०। (अक्षरेपी अन्ठानब्बे हजार सात सय पचास) | |
| १६ | १० | सिंचाईका लागि पाईप खरिद | रु ५०,०००। | |

निर्णय प्रमाणित

दिवाकर पौडेल

| | | | | |
|---|---|---|---|---|
| | | | (अक्षरेपी पचास हजार मात्र) | |
| १७ | ११ | आन्तरीक सडक सरसफाई | रु २१,६०५। (अक्षरेपी एक्काइस हजार छ सय पाँच ) | |
| १८ | ११ | भैंसी गोठ निर्माण राहत | रु ३०,०००। (अक्षरेपी तीस हजार मात्र) | |
| १९ | ११ | आन्तरीक सडक मर्मत | रु ४९,०००। (अक्षरेपी उनानपचास हजार मात्र) | |

**निर्णय नं ७**

विपद व्यवस्थापन शीर्षकमा खर्च नहुने रकम मध्ये उपयुक्त शीर्षकबाट कार्यक्रम संसोधन गरी रु १०,००,०००।(अक्षरेपी दश लाख मात्र) रकम थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

भक्ति नमुना मा.वि. को रकम रु ५०,००,०००। (अक्षरेपी पचास लाख मात्र ) उक्त विद्यालयको खातामा सोझै निकासा दिने निर्णय गरियो ।

**निर्णय नं ९**

आ.व २०७८।७९ को वार्षिक कार्यक्रम WIFI Zone अन्तर्गत वडा नं १० मा ईन्टरनेट जडानको लागि सम्झौता अनुसारको काम सम्पन्न गरि वडा कार्यालयको सिफारिस सहित भुक्तानीको लागि पेश भएको हुँदा ८५ घर घुरीको रु १६९५ को दरले रु १,४४,०७५ (अक्षरेपी एक लाख चौवालिस हजार पचहत्तर रुपैया मात्र) रकम टेकमाईण्ड नेटवर्क कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १०**

हाल सु.न.पा वडा नं ४ (साबिक दुराडाँडा गाविस वडा नं ७, ८ र ९) को खानेपानी योजनाको मोटर मर्मतका लागी रु ४५,०००।(अक्षरेपी पैतालिस हजार मात्र) विविध पूँजीगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ११**

सु.न.पा ५ नमोवुद्ध टोलमा १००० लिटरको खानेपानी ट्याकी तथा फिटीङ सामाग्रीको लागि रु १५,०००।(अक्षरेपी पन्ध्र हजार मात्र) विविध पुँजीगत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १२**

बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत नगरस्तरीय पोषण तथा खाद्य सुरक्षा समिति द्धारा प्रस्तुत आ.व २०७८/७९ को बजेट अनुमोदन गर्ने निर्णय गरियो ।

२०७९।३।२० निर्णय प्रमाणित